# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४०) काठमाडौं, फागुन २ गते २०४७ साल (अतिरिक्ताङ्क ५४

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### निर्वाचन सम्बन्धी अपराध र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: निर्वाचन सम्बन्धी अपराध र सजायको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०३

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "निर्वाचन (अपराध र सजाय) ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले संविधानको धारा १०४ बमोजिम प्रतिनिधिसभा वा राष्ट्रिय सभा वा गाउँ, नगर वा जिल्लाका स्थानीय निकायहरूको सदस्यको निर्वाचन सम्झनु पर्छ ।

(ग) "निर्वाचनको अवधि" भन्नाले उम्मेदवारको मनोनयन-पत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणामको घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ ।

(घ) "उम्मेदवार" भन्नाले प्रचलित कानून बमोजिम निर्वाचनको लागि उम्मेदवारको रूपमा खडा भएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "मतदाता" भन्नाले प्रचलित कानून बमोजिम हुने निर्वाचनको लागि मतदाता नामावलीमा नाम दर्ता भएको मतदाता सम्झनु पर्छ ।

(च) "मतदानको अधिकार" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिले सम्बन्धित निर्वाचनमा मत दिन पाउने अधिकार सम्झनु पर्छ ।

(छ) "निर्वाचन आयोग" भन्नाले संविधानको धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ज) "निर्वाचन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निर्वाचनमा सदस्य निर्वाचन गर्ने प्रयोजनको लागि निर्धारण गरिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) "मतदानकेन्द्र" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निर्वाचनमा मतदान दिने प्रयोजनको लागि स्थापना गरिएको मतदानकेन्द्र सम्झनु पर्छ र सो शब्दले उपकेन्द्रलाई समेत जनाउँछ ।

(ञ) "निर्वाचन अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम निर्वाचन आयोगबाट नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले मुख्य निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ट) "मतदान अधिकृत" भन्नाले प्रचलित कानून बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

## परिच्छेद–२

## निर्वाचन अपराध

नाम, थर, उमेर आदि ढाँटन नहुने: (१) कसैले पनि कुनै निर्वाचनको प्रयोजनको लागि संकलन गरिने मतदाता नामावलीमा आफ्नो नाम, थर, वतन, उमेर वा नागरिकता ढाँटी नाम दर्ता गराउन वा दर्ता गर्नको लागि दरखास्त दिन वा त्यसरी ढाँटी विरोधपत्र दर्ता गराउन हुँदैन ।

(२) कसैले पनि मतदानको लागि अर्काको नामबाट मतपत्र लिन वा मतदान गर्न वा त्यस्तो काम गर्न मद्दत दिन वा उद्योग गर्न वा दुरूत्साहन दिन हुँदैन ।

४. प्रभाव पार्न नहुने: निर्वाचनको सिलसिलामा कुनै राजनैतिक संगठन वा दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले देहायको कुनै काम गरी निर्वाचनमा कुनै उम्मेदवार वा मतदातालाई वा निजहरू मध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्तिलाई अनुचित प्रभाव पार्न वा सो गर्ने दुरूत्साहन दिन वा उद्योग गर्न समेत हुँदैन:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै किसिमको क्षति पुऱ्याउने,

(ख) सामाजिक बहिष्कार गर्ने धम्की दिने,

(ग) कुनै किसिमको दैवी प्रकोप वा पापको भागी हुने त्रास देखाउने,

(घ) धर्म भकाउने वा प्रतिज्ञा गराउने, वा

(ङ) कुनै किसिमको धाक, धम्की वा डर त्रास देखाउने ।

५. चरित्र हनन गर्न नहुने: कुनै राजनैतिक संगठन वा दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको नतिजामा प्रभाव पार्ने मनसायले उम्मेदवार वा निजको परिवारको सदस्यको चरित्र वा आचरणको सम्बन्धमा आफूले झुठो हो भनी जानेको वा विश्वास गरेको कुनै कुरालाई साँचो हो भनी वा अरूलाई साँचो हो भन्ने विश्वास पर्ने गरी कुनै कुराको आरोप लगाई कुनै पनि किसिमले चरित्र हनन गर्नु हुँदैन ।

६. प्रचार गर्न नहुने: निर्वाचनको सिलसिलामा कुनै राजनैतिक संगठन वा दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा निजको तर्फबाट काम गर्ने कुनै व्यक्तिले उम्मेदवारको नीति तथा कार्यक्रम सम्बन्धमा प्रचार प्रसार गर्दा गराउँदा देहायको कुनै उद्देश्यले प्रचार प्रसार गर्न वा गराउन हुँदैन:—

(क) नेपाल अधिराज्यको स्वतन्त्रता, सार्वभौमसत्ता वा प्रादेशिक अखण्डतामा आघात पार्ने,

(ख) कुनै धर्म, सम्प्रदाय, जात जाति, भाषा वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कुनै धर्म, सम्प्रदाय, जात जाति, भाषा वा प्रादेशिकताको आधारमा मतदान गर्ने गराउने ।

७. नगद वा जिन्सी लिन वा दिन नहुने: कुनै राजनैतिक संगठन वा दलको तर्फबाट काम गर्ने कुनै व्यक्ति वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्ने वा नगर्ने वा मतदानको अधिकार प्रयोग गरे वा नगरे वापत उपहार, पुरस्कार, इनाम, दान-दातव्य वा बकसको रूपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्ने र मतदाताले पनि सो रूपमा आफ्नो वा अरू कसैको निमित्त यस्तो नगद वा जिन्सी लिन वा लिन मन्जुर गर्नु हुँदैन ।

८. कर्मचारीले निर्वाचनमा प्रभाव पार्न नहुने: निर्वाचन अधिकृत, मतदान अधिकृत वा मतदानकेन्द्रमा खटिएका अन्य कुनै अधिकृत वा कर्मचारी वा सुरक्षा प्रहरी वा निर्वाचन आयोगले खटाएको पर्यवेक्षक वा अन्य कुनै अधिकारी वा कर्मचारीले निर्वाचनको कुनै काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक निर्वाचनमा कुनै उम्मेदवारलाई सफल वा असफल गराउने उद्देश्यले कुनै किसिमको काम गर्न वा गराउन हुँदैन ।

९. शान्ति भङ्ग गर्न नहुने: कुनै निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनु भन्दा तीन घण्टा अघिदेखि सो मतदान कार्य समाप्त नभएसम्म कसैले मतदानको काममा वा मतदातालाई वा मतदानकेन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदानकेन्द्र रहेको घर, भवन वा ठाउँ र त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायको कुनै काम गरी शान्ति भङ्ग गर्न गराउन हुँदैन:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

6010

(क) लाउडस्पीकर, मेगाफोन वा यस्तै अन्य कुनै यन्त्र प्रयोग गर्न, वा

(ख) वाद्य–वादन बजाउन, नाच–गान गर्न, जुनसुकै किसिमको सभा वा समारोह गर्न, हो–हल्ला वा हुल–हुज्जत गर्न गराउन वा कराउन ।

१०. हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न वा पडकाउन नहुने: सुरक्षाको काममा खटिएका सरकारी कर्मचारी बाहेक अन्य कुनै पनि व्यक्तिले मतदानकेन्द्र वा मतगणनास्थल र सो को वरिपरि कुनै प्रकारको हातहतियार, विषालु वा विष्फोटक पदार्थ लिएर हिँड्न वा पडकाउन वा प्रयोग गर्न समेत हुँदैन ।

११. निषेधित व्यवहार: कुनै पनि व्यक्तिले देहायको कुनै काम गर्न गराउन वा सो गर्ने उद्योग गर्न वा मद्दत लिन वा दुरूत्साहन गर्न समेत हुँदैन:–

(क) निर्वाचन आयोगले कुनै निर्वाचनको लागि तयार गरेको वा प्रकाशित गरेको वा मतदान कार्यमा प्रयोग गरेको मतदाता नामावलीमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा सो मतदाता नामावली च्यात्न वा कुनै किसिमले बिगार्न, नोक्सान गर्न वा नष्ट गर्न,

(ख) निर्वाचन सम्वन्धी काममा संलग्न कुनै व्यक्ति वा कर्मचारीले टाँसेको वा टाँस्न लगाएको कुनै निर्वाचन सम्बन्धी कुनै फेहरिस्त, सूचना वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले बिगार्न वा नोक्सान गर्न वा नष्ट गर्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) कुनै मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सही वा छाप वा मतपत्रमा अङ्कित कुनै चिह्न वा सङ्केत मेट्न, केरमेट गर्न, सच्याउन, कीर्ते गर्न, बिगार्न वा च्यात्न,

(घ) कुनै मतदाताले मतदान गर्न कानून बमोजिम आफूले प्राप्त गरेको मतपत्र कुनै व्यक्तिलाई कुनै किसिमले दिन वा आफूले खसाल्न अधिकार पाएको मतपत्र बाहेक अरू कुनै कुरा मतपेटिकामा खसाल्न,

(ङ) निर्वाचनको काममा प्रयोग हुने वा प्रयोग भएको मतपत्र वा अन्य कुनै कागजात कुनै किसिमको बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, चोर्न, च्यात्न वा अन्य कुनै प्रकारले बिगार्न नोक्सान गर्न वा नष्ट गर्न,

(च) निर्वाचनको काममा प्रयोग हुने वा प्रयोग भएको मतपेटिका कुनै किसिमको बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, चोर्न, बिगार्न वा कुनै किसिमले नष्ट गर्न,

(छ) मतदान अधिकृतको स्वीकृति बिना मतदानको अवधिभित्र मतपेटिका, मतपत्र, मत सङ्केत गर्ने छाप, छापदानी, मसी वा मतदानको लागि प्रयोग हुने वा प्रयोग भएको अन्य कुनै सामान मतदान-केन्द्रबाट बाहिर वा अन्यत्र कतै लैजान वा

(ज) निर्वाचनको काममा संलग्न कर्मचारीहरूलाई निजहरूको काममा कुनै पनि प्रकारले कुनै किसिमको बाधा पार्न ।

१२. गैर कानूनी तवरले मतपत्र लिन वा दिन नहुने: (१) कसैले कसैलाई नगद, जिन्सी, सेवा वा कुनै प्रकारको लाभ दिई वा दिन मन्जुर गरी वा कुनै किसिमको डर, त्रास वा धाक धम्की दिई वा कुनै किसिमको बल प्रयोग गरी वा नगरी कुनै निर्वाचनमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोग हुने मतपत्र सोही निर्वाचनमा गैर-कानूनी तवरले मतदान गर्नको लागि कसैबाट प्राप्त गर्न वा गराउन वा प्राप्त गर्ने वा गराउने उद्योग गर्न वा त्यस्तो काम गर्न वा गराउन दुरूत्साहन दिन समेत हुँदैन ।

(२) कुनै निर्वाचनमा प्रयोग हुने मतपत्र जिम्मा लिने अधि–कार प्राप्त अधिकारीले नगद, जिन्सी, सेवा वा अन्य कुनै प्रकारको लाभ लिई वा नलिई वा लिन मन्जुर गरी वा नगरी त्यस्तो मतपत्र अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।

१३. निर्वाचन सम्वन्धी प्रचार प्रसारमा बन्देज: (१) निर्वाचन सम्वन्धी प्रचारको लागि तयार पारिएका पोष्टर, पाम्पलेट, पर्चा, विज्ञापन आदि प्रचार–सामग्रीमा छापाखानाको तथा छाप्न लगाउने राजनैतिक संगठन वा दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख हुनु पर्नेछ ।

(२) निर्वाचन सम्बन्धी प्रचारको लागि कुनै पनि धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारक वा बनौटमा कुनै पोष्टर, पाम्पलेट, पर्चा, विज्ञापन वा त्यस्ता कागज कसैले पनि टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुदैन ।

(३) निर्वाचन सम्बन्धी प्रचारको लागि कसैले पनि कसैको निजी घर, पसल, पर्खाल वा अन्य बनौटमा त्यसको धनीको स्वीकृति नलिई कुनै पोष्टर, पाम्पलेट, पर्चा, विज्ञापन वा त्यस्ता कागज टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुंदैन ।

(४) मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मत-दानको काम पूरा नभएसम्म निर्वाचन क्षेत्रभित्र कसैले पनि कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत लिने वा दिने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मतगणना वा निर्वाचनको अन्य काममा बाधा पुऱ्याउन नहुने: उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा अन्य कुनै व्यक्तिले कुनै निर्वाचनमा मतगणना भई रहेको अवस्थामा सो मतगणना-स्थलमा रहेको मतपेटिका वा मतपत्र वा निर्वाचनसम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृत वा मत-गणनाको काममा संलग्न कर्मचारीको अनुमति विना मतगणना-स्थलबाट अन्यत्र लैजान वा लैजाने उद्योग गर्न गराउन वा सो गर्न दुरूत्साहन दिन वा मतगणना वा निर्वाचनसम्बन्धी अन्य कुनै काममा कुनै प्रकारले कुनै किसिमको बाधा पुऱ्याउन समेत हुँदैन ।

१५. गोप्यता भङ्ग गर्न नहुने: कुनै निर्वाचनमा निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचन आयोगले खटाएको पर्यवेक्षक वा अन्य कुनै अधिकारी वा निर्वाचनसम्बन्धी काममा संलग्न कुनै कर्म-चारी, उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य कुनै व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुन उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतगणनासम्बन्धी अन्य कुराहरूको साथै मतपत्रबाट मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह वा अन्य कुनै कुराहरू कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाश समेत गर्न गराउन हुँदैन ।

तर मिर्वाचन अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीले मतगणनाको सिलसिलामा उम्मेदवारहरूले पाएको मतसङ्ख्या सार्वजनिक रूपमा जानकारी गराउन यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

१६. गिरफ्तार गर्न सकिने: (१) निर्वाचन अधिकृत वा मतदान अधिकृतले मतदान कार्यमा वा मतगणना कार्यमा वा निर्वाचनको अन्य कुनै कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मद्दत गर्ने वा सो गर्न दुरूत्साहन दिने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) कसैले दफा ३ को उपदफा (२) दफा ९, दफा १० वा दफा १४ मा निषेध गरिएको कुनै काम गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिम निर्वाचन अधिकृत वा मतदान अधिकृतले दिएको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न सो निर्वाचन अधिकृत वा मतदान अधिकृतले सो ठाउँमा सुरक्षाको लागि खटिएको कर्मचारीलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृत वा मतदान अधिकृतले दिएको आदेश पालन गर्नु सो ठाउँमा सुरक्षाको लागि खटिएको कर्मचारीको कर्तव्य हुनेछ ।

१७. निर्वाचन खर्चको फाँटवारी पेश गर्ने: (१) निर्वाचित उम्मेदवार आफूले वा निजको तर्फबाट काम गर्ने व्यक्तिले निर्वाचनको अवधिभित्र निर्वाचनमा गरेको खर्चको विवरण सो निर्वाचनको नतीजा घोषणा भएको मितिले एक महिनाभित्र निर्वाचन आयोगमा पेश गर्नु पर्नेछ ।

तर यस दफामा लेखिएको कुनै कुराले प्रचलित कानूनले निषेध गरेको कुनै काम कुरामा खर्च गर्ने अधिकार दिएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम खर्चको विवरण पेश नगर्ने उम्मेदवारलाई निर्वाचन आयोगले पाँच हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

## परिच्छेद–३

## सजाय

१८. सजाय: (१) कुनै व्यक्तिले दफा ६ वा दफा ११ को खण्ड (ङ) वा (च) वा दफा १४ को विपरीत कुनै काम गरेमा निजलाई दुई-हजार रूपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्रै लागु हुनेछ।

(२) कुनै व्यक्तिले दफा ४, दफा ५, दफा ७, दफा ८ वा दफा ११ को खण्ड (क), (ख), (ग), (घ), (छ) वा (ज), दफा १२ वा दफा १५ को विपरीत कुनै काम गरेमा निजलाई एकहजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) दफा १० को विपरीत कुनै काम गर्ने व्यक्तिको साथमा रहेको हातहतियार वा विषालु वा विष्फोटक पदार्थ जफत गरी निजलाई एकहजार रूपैयाँसम्म जरिबाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) कुनै व्यक्तिले दफा ३, दफा ९, वा दफा १३ को विपरीत कुनै काम गरेमा निजलाई एकहजार रूपैयाँसम्म जरिबाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनको काममा लगाइएको कुनै कर्मचारीले निर्वाचनसम्वन्धमा त्यस्तो आफूलाई तोकिएको कर्तव्य पूरा नगरेमा निर्वाचन आयोगले कर्मचारी उपर निजको सेवा शर्तसम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारवाईको लागि सम्वन्धित निकायमा लेखिपठाउनेछ । त्यसरी निर्वाचन आयोगबाट लेखि आएमा सम्वन्धित निकायले त्यस्तो कर्मचारी उपर विभागीय कारवाई गर्नु पर्नेछ ।

## परिच्छेद–४

## निर्वाचन बदर हुने अवस्था

१९. निर्वाचन वदर हुने: (१) कुनै निर्वाचनमा सम्वन्धित उम्मेदवारले देहायको कुनै कुराको आधारमा निर्वाचन वदर गरी पाउँ भनी उजूरी दिएमा र सो कुरा प्रमाणित भएमा उक्त निर्वाचन वदर हुनेछ :–

(क) सो निर्वाचनमा व्यापक रूपमा दफा ३, दफा ४, दफा ५, दफा ६, दफा ७, दफा ८, दफा १० वा दफा ११ को खण्ड (ग), (घ), (ङ) वा (च), दफा १२ वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा १४ को विपरीत काम कारवाई भएकोले निर्वाचन निष्पक्ष भएन भनी,

(ख) सो निर्वाचनमा कुनै व्यक्तिले उम्मेदवार हुनको लागि दिएको मनोनयनपत्र सदर हुनु पर्नेमा सदर नभएको वा बदर वा खारेज हुनु पर्नेमा बदर वा खारेज नभएकोले सो निर्वाचनको नतीजामा वास्तवमा फरक परेको छ भनी वा

(ग) निर्वाचित उम्मेदवारले प्रचलित कानून बमोजिम तोकिएको हदभन्दा बढी रकम निर्वाचनमा खर्च गरेको थियो भनी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए-तापनि देहायका कुराहरू प्रमाणित भएमा सम्पूर्ण निर्वाचन वा निर्वाचित उम्मेदवारको निर्वाचन बदर हुने छैन:–

(क) दफा ४, दफा ५, दफा ६, दफा ७, वा उपदफा (१) को खण्ड (ग) मा लेखिएको कुनै काम कारवाई निर्वाचित उम्मेदवार वा निजको प्रतिनिधिको जानकारी वा अनुमति बिना भएको वा निजको आज्ञा विरूद्ध भएको वा निजले सो निर्वाचनमा त्यस्तो काम कारवाई हुन नदिन सकभर प्रयास गरेको थियो,

(ख) उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको कुनै काम कारवाईबाट निर्वाचनको परिणाममा वास्तविक रूपमा असर परेको छैन,

२०. <u>दोहोऱ्याई मतगणना हुन सक्ने</u>: (१) कुनै निर्वाचनमा सम्बन्धित उम्मेदवारले देहायको कुराको आधारमा निर्वाचन बदर गरी पाउ भनी उजूरी दिएमा निर्वाचन विशेष अदालतले दोहोऱ्याई मतगणना गर्न सक्नेछ:–

(क) उजूरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवारले वैध तरीकाले बहुमत पाएको भनी, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) बदर हुने मतपत्र बदर नगरेको वा कानून बमोजिम सदर हुने मतपत्र सदर नगरेको भनी ।

(२) उपदफा (१) बमोजिम दोहोऱ्याई मतगणना गर्दा उजूरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवारले वैध तरिकाले बहुमत पाएको प्रमाणित भएमा निर्वाचित उम्मेदवारको निर्वाचन परिणाम बदर हुनेछ र निर्वाचन विशेष अदालतले उजूरवाला उम्मेदवार वा अन्य कुनै उम्मेदवार कानून बमोजिम निर्वाचित भएको निर्णय गर्नेछ ।

२१. मत बराबर भएमा गर्ने: (१) दफा २० बमोजिमको उजूरीको कारवाईको सिलसिलामा निर्वाचन विशेष अदालतले दोहोऱ्याई मतगणना गर्नु पर्दा सम्बन्धित निर्वाचनक्षेत्रका सबै उम्मेदवारहरूले पाएको मतगणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा दुई वा दुई भन्दा बढि उम्मेदवारहरूले कानून बमोजिम पाएको मतसङ्ख्या बराबर हुन आएमा निर्वाचन विशेष अदालतले मत बराबर पाउने उम्मेदवारहरू बीच गोला हाली निर्णय गर्नु पर्नेछ र सो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरी निर्वाचित भएको मानिनेछ ।

## परिच्छेद–५

## विविध

२२. मुद्दा हेर्ने अधिकार: (१) यस ऐन अन्तरगतको मुद्दामा कारवाई र किनारा गर्ने अधिकार निर्वाचन विशेष अदालतलाई हुनेछ ।

(२) निर्वाचन विशेष अदालतले गरेको निर्णय उपर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालतमा पुनरावेदन लाग्नेछ र त्यसरी तोकिएको अदालतको निर्णय अन्तिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) दफा ११ को खण्ड (ङ), (च) वा दफा १४ बमोजिमको अवस्थामा सो बमोजिम अपराध भएको ठहर भई सजाय हुने भएता पनि सबै मतदानकेन्द्र वा निर्वाचनक्षेत्रमा आयोगको निर्णय अनुसार भएको पुनः मतदानमा कुनै असर पार्ने छैन।

(४) निर्वाचन बिशेष अदालतले आफू समक्ष पर्न आएको निर्वाचन सम्वन्धी कुनै उजूरीमा निर्णय दिंदा त्यस्तो उजूरीबाट उठेका कीर्ते वा जालसाजी मुद्दा समेतमा प्रचलित कानून बमोजिम निर्णय गर्न सक्नेछ।

२३. निर्वाचन विशेष अदालतको गठनः निर्वाचन आयोगको सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निर्वाचन विशेष अदालत गठन गर्नेछ।

२४. अनुसन्धान गर्ने अधिकारः यस ऐन अन्तर्गत सजाय हुने अपराधका सम्वन्धमा जाँचबुझ र अनुसन्धान गर्ने अधिकार सम्बन्धित निर्वाचन अधिकृतलाई वा निजद्वारा अधिकृत व्यक्तिलाई हुनेछ।

२५. उजूर गर्न सक्नेः यो ऐन बमोजिम कुनै निर्वाचनको सम्वन्धमा नालीस वा उजूर गर्नु पर्दा सम्वन्धित व्यक्ति वा उम्मेदवारले सम्वन्धित निर्वाचन अधिकृत मार्फत निर्वाचन विशेष अदालतमा उजूरी दिन सक्नेछ। सम्वन्धित निर्वाचन अधिकृतले पनि त्यस्तो उजूरीहरू निर्वाचन विशेष अदालतमा तुरुन्त पठाउनु पर्नेछ।

२६. उजूर गर्ने हद म्यादः यस ऐन बमोजिम उजूर गर्नु पर्दा सो उजूर गर्नु पर्ने कारण भएको मितिले पैंतीस दिनभित्र उजूर गर्नु पर्नेछ।

२७. धरौटी राख्नु पर्नेः (१) कसैले यो ऐन बमोजिम उजूरी दिंदा संसदको निर्वाचनको सम्वन्धमा एकहजार रूपैयाँ र स्थानीय निकायको निर्वाचनको सम्बन्धमा दुईसय रूपैयाँ धरौट राख्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उजूरी झुट्ठा ठहरेमा उपदफा (१) बमोजिमको धरौट जफत हुनेछ।

२८. उजूरीमा कारवाई नहुने: यस ऐन बमोजिम दिएको उजूरीपत्र कानून बमोजिमको रीत पुगेको नदेखिएमा वा म्यादभित्र नपरेमा सो उजूरीपत्रमा कुनै कारवाई हुनेछैन।

२९. मुद्दा छिन्नु पर्ने हद म्याद र कार्यविधि: (१) निर्वाचन विशेष अदालतले आफु समक्ष उजूरी दर्ता भएको मितिले एकवर्षभित्र सो उजूरीको कारवाई र किनारा गरिसक्नु पर्नेछ।

(२) यस ऐन बमोजिमको उजूरीको कारवाई र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

३०. उजूरी खारेज गर्न सकिने: यस ऐन बमोजिमको मुद्दामा वादी वा प्रतिवादीको मृत्यु भएमा दफा १९ वा २० बमोजिमको उजूरी खारेज गर्न सकिनेछ।

३१. उजूरी फिर्ता लिन सक्ने: उजूरवालाले दफा १९ वा २० बमोजिम दिएको उजूरी निर्वाचन विशेष अदालतको अनुमतिले फिर्ता लिन सक्नेछ।

तर उजूरवालाले कुनै अनुचित लाभको लागि उजूरी फिर्ता लिन निवेदन दिएको हो भन्ने निर्वाचन विशेष अदालतलाई लागेमा सो उजूरी फिर्ता लिन अनुमति दिने छैन।

३२. निर्णयको सूचना दिनु पर्ने: यस ऐन बमोजिम मुद्दा हेर्ने अधिकारीले सो मुद्दाको निर्णयको प्रतिलिपि साथ राखी निर्वाचन आयोग र संसद सचिवालयलाई सो मुद्दाको निर्णय भएको पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ।

३३. श्री ५ को सरकार वादी हुने: यस ऐन बमोजिम सजाय हुने मुद्दामा श्री ५ को सरकार वादी हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. प्रमाण नलाग्नेः (१) यो ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन अन्तर्गत चलेको कुनै मुद्दा मामिला वा कानूनी कारवाईमा कुनै पनि साक्षी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोधिने छैन ।

(२) यस ऐन बमोजिमको मुद्दाको कारवाईको सिलसिलामा मुद्दा हेर्ने अधिकारीले सोधेको कुनै प्रश्नको सम्बन्धमा कुनै साक्षीले दिएको जवाफलाई निजको विरुद्धमा चलेको कुनै मुद्दामा प्रमाण लाग्ने छैन र प्रमाणको रूपमा पेश गर्न पनि पाइने छैन ।

३५. अयोग्यता सम्बन्धी प्रश्नको निर्णयः यो ऐन बमोजिम परेको कुनै मुद्दा मामिलामा संविधानको धारा ४८ अनुसार निर्णय हुनु पर्ने प्रश्न उपस्थित भएमा मुद्दा हेर्ने अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी अन्तिम निर्णयको लागि सम्बन्धित मिसिल सर्वोच्च अदालतको प्रधान न्यायाधीश समक्ष पठाउनु पर्नेछ र त्यसरी मिसिल प्राप्त भएकोमा सोही धारा अनुसार निर्णय हुनेछ ।

३६. यो ऐन बमोजिम हुनेः यो ऐनमा लेखिएका कुराहरूको हकमा यसै ऐन बमोजिम हुनेछ र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०४७।११।२५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

६१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।